नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

फोन नं. ४२११६६६
४२११६३२
४२११८५२
४२११८४३
४२००२३९
४२११६६४
फ्याक्स: ४२३२२६२
४२११६४५
सिंहदरबार, काठमाडौं

## शुभकामना

संयुक्त राष्ट्रसङ्घको आह्वानमा सन् १९९३ देखि हरेक वर्षको अक्टोबर १७ मा अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस विश्वव्यापी रुपमा मनाउने गरिएको छ। यस वर्षको गरिबी निवारण दिवसको सन्देश "Ending Social and Institutional Maltreatment Acting together for just, peaceful and inclusive societies" रहेको छ। ३२ औं अन्तर्राष्ट्रिय गरिबी निवारण दिवसका अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

गरिबी विश्वकै साझा समस्या हो। त्यसैले दिगो विकास लक्ष्यको पहिलो लक्ष्य नै सन् २०३० सम्ममा विश्वबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने राखिएको छ। गरिबी समाजका आर्थिक तथा सामाजिक लगायत विभिन्न आयामहरुसँग अन्तरसम्बन्धित विषय भएकोले संसारबाटै गरिबीको अन्त्य नगरेसम्म मानव जातिको सुख, शान्ति र समृद्धि सम्भव छैन। गरिबी निवारणका लागि गरिबहरुलाई अग्रपङ्क्तिमा ल्याउन सहयोग गर्ने कार्यक्रमहरु सञ्चालन गर्न, गरिबहरुको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने विषयहरुमा उनीहरुकै सक्रिय सहभागितामा निर्णय गर्न, मानव र प्रकृतिबीचको अन्योन्याश्रित सम्बन्ध एवं मानवीय मूल्य तथा मान्यतालाई केन्द्र विन्दुमा राखेर नीति निर्माण गर्न र समाजमा रहेका सबै प्रकारका विभेदहरुको अन्त्य गर्न आवश्यक छ।

नेपाल जीवनस्तर सर्भेक्षण २०७९/०८० अनुसार नेपालमा गरिबीको रेखामुनि रहेको जनसंख्या २०.२७ प्रतिशत रहेको छ। त्यसैगरी बहुआयामिक गरिबी सूचक, २०२१ अनुसार बहुआयामिक गरिबीको संख्या करिब १७.४ प्रतिशत रहेको छ। यस मन्त्रालयले जारी गरेको गरिबी निवारण नीति, २०७६ ले आर्थिक असमानता न्युनिकरण गर्ने एवं गरिबीको रेखामुनि रहेको जनसंख्या वि.सं. २०८७ सम्म ५ प्रतिशतमा र वि.सं.२१०० सम्म शुन्यमा झार्ने लक्ष्य लिएको छ। सन् २०३० सम्ममा गरिबीको रेखामुनि रहेको जनसंख्या ५ प्रतिशतमा सीमित गर्ने दिगो विकास लक्ष्य हासिल गर्न हामीले अवलम्बन गरेका गरिबी निवारणका रणनीतिहरु थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक छ।

गरिबी निवारण सम्बन्धी विषय नेपालको संविधान बमोजिम तीनै तहका सरकारको जिम्मेवारी भित्र पर्दछ। गरिब लक्षित कार्यक्रमलाई थप प्रभावकारी बनाउन यस मन्त्रालयले गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम संचालन भइरहेको छ। हालसम्म ४९ जिल्लाका ६ लाख १५ हजार १६१ घर परिवारलाई राज्य सुविधा परिचयपत्र वितरण गरिसकिएको छ। बाँकी २८ मध्ये १५ जिल्लाका २ लाख ७१ हजार ६४० गरिब घरपरिवारको परिचय पत्र छपाईको कार्य अन्तिम चरणमा पुगेको छ भने अन्य १३ जिल्लाको तथ्यांक संकलनको कार्य सम्पन्न भएकोले प्रशोधन लगायतका कार्य सम्पन्न गरी कायम भएका गरिब घरपरिवारलाई आगामी आर्थिक वर्षभित्र परिचयपत्र उपलब्ध गराइनेछ। उक्त राज्य सुविधा परिचयपत्रलाई तिनै तहका सरकार र अन्तर्गतका निकायले उपलब्ध गराउने सेवा सुविधा सँग आवद्ध गरिएको छ।

अन्त्यमा, गरिबी निवारण अन्तरसम्बन्धित विषय भएकोले सबै सरकारी तथा सार्वजनिक निकायबाट सञ्चालित गरिबी निवारणका कार्यक्रमहरुबीच प्रभावकारी समन्वय कायम गर्दै गरिबीबाट समृद्धिको मार्गमा अग्रसर हुन सरकारी निकायहरु, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, गैरसरकारी संस्थाहरु र विकास साझेदारहरु सबैमा गरिब लक्षित कार्यक्रम सञ्चालन गर्न, सहकार्य, समन्वय र सहलगानी आवश्यक हुने हुँदा सोको लागि अपिल एवम् हार्दिक आग्रह गर्दछु।

१, कार्तिक २०८१

(अर्जुनप्रसाद पोखरेल)
सचिव